# बिपद् प्रतिकार्यको योजना बुन्दै प्रदेश



लमही (बुटवल टुडे) २१ जेठ - लुम्बिनी प्रदेश सरकारले यो वर्षको मनसुनजन्य विपद्को सम्भावित जोखिमलाई ध्यानमा राख्दै प्रभावकारी प्रतिकार्य योजना निर्माणमा तीव्रता दिएको छ । बुधबार प्रदेश विपद् व्यवस्थापन परिषद्को बैठकमा मुख्यमन्त्री चेतनारायण आचार्यले उच्च सतर्कता र तयारीका लागि मातहतका निकायलाई निर्देशन दिएका हुन् ।

राप्ती उपत्यकास्थित मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा आयोजित बैठकमा मुख्यमन्त्री आचार्यले मनसुनजन्य विपद्बाट लुम्बिनी प्रदेश सबैभन्दा बढी प्रभावित हुने राष्ट्रिय प्रक्षेपणलाई गम्भीरतापूर्वक लिनु आवश्यक रहेको बताए । "समुदायको सक्रिय सहभागिता र समन्वयबिना विपद् प्रतिकार्य प्रभावकारी हुन सक्दैन," उनले भने, "स्थानीय सरकार, सुरक्षा निकाय र स्वयंसेवक युवाबीच एकीकृत समन्वय जरुरी छ।"

प्रदेश सरकारले 'मनसुन पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना, ०८२' को आधारमा लुम्बिनीमा करिब ५ लाख २३ हजार जनसंख्या प्रभावित हुने अनुमानसहित रणनीति बनाएको छ । मुख्यमन्त्री आचार्यले सुरक्षित स्थानको पहिचान, नागरिक शिक्षा, सचेतना अभियान, खोज तथा उद्धार तयारी, र आपत्कालीन सेवाको सुनिश्चितता लगायतका बुँदामा विशेष ध्यान दिन निर्देशन दिए।विपद् व्यवस्थापन परिषद्को बैठकले प्रभावित क्षेत्रका सुरक्षाकर्मी तथा स्वयंसेवक परिचालन, राहत र पुनःस्थापनाको योजना, खाद्यान्न तथा स्वास्थ्य सेवा पहुँच सुनिश्चित गर्ने निर्णय पनि गरेको छ ।

प्रदेशमा पछिल्ला १० वर्षमा १ हजार ६१८ विपद् घटनाबाट ८ हजार ३१५ परिवार प्रभावित भएका छन् । आन्तरिक मामिला तथा कानुन मन्त्रालयका फोकल पर्सन गंगाधर पाण्डेका अनुसार, यस अवधिमा ४५९ जनाको मृत्यु र ६१९ जना घाइते भएका छन्। २०७३ साल सबैभन्दा भयानक वर्ष बनेको थियो, जहाँ १०७ जनाको ज्यान गएको थियो ।

बैठकमा विभिन्न मन्त्रालयका मन्त्री, प्रदेशसभा सदस्य, सुरक्षानिकायका प्रमुख, नेपाल रेडक्रसका प्रतिनिधि र मौसमविद्को सहभागिता थियो। वरिष्ठ मौसमविद् वरुण पौडेलले लुम्बिनीका पहाडी क्षेत्रमा अधिक वर्षाको सम्भावना औंल्याउँदै त्यसअनुसार रणनीति बनाउन आग्रह गरे।लुम्बिनी प्रदेश सरकारले मौसमको पूर्वानुमान, भौगोलिक जोखिम मूल्यांकन, समुदायसँगको सहकार्य र पूर्वसूचना प्रणालीलाई प्राथमिकता दिँदै बिपद् प्रतिकार्यको सशक्त योजना बनाउँदै छ। प्रदेश सरकारको भनाइ अनुसार सबै पक्षको समन्वय र जिम्मेवार सहभागिता मार्फत् मात्रै लुम्बिनीलाई सुरक्षित बनाउने लक्ष्य राखिएको छ।

# रामपुर–काठमाडौं सुबिधा सम्पन्न बस सञ्चालनमा



रामपुर (पाल्पा) २१ जेठ - नमस्ते रामपुर यातायात प्रालीले एसीसहितको सुबिधा सम्पन्न कालीगण्डकी बस सेवा सञ्चालनमा ल्याएको छ। लामो दुरीको यात्रा गर्ने यात्रुलाई मध्यनजर गर्दै रामपुर काठमाडौंका लागि आजबाट सुबिधा सम्पन्न एसीसहितको बस सेवा सञ्चालन गरेको हो। रामपुर बसपार्कमा यात्रु तथा बस चालक, सह-चालकलाई टिका र खादा लगाएर नयाँ बस सेवाको शुभारम्भ गर्दै सुखद यात्राको कामना गरेको नमस्ते रामपुर यातायात प्रालीले जनाएको छ।

चालक रामप्रसाद थापाको नेतृत्वमा नमस्ते रामपुर यातायात प्रालीले कालीगण्डकी एसीसहितको सुबिधा सम्पन्न बस रामपुरबाट यात्रु लिएर काठमाडौं प्रस्थान गरेको हो।

नमस्ते रामपुर यातायात प्रालीका अध्यक्ष राजन पोखरेल, प्रालीका सञ्चालक समिति, कर्मचारी लगायतले टिका, खादा लगाएर नयाँ बस सेवाको शुभारम्भ गरेका हुन्। कालीगण्डकीवेशी क्षेत्रका नागरिकलाई सुलभ रूपमा आरामदायी सेवा दिने उद्देश्यले नमस्ते रामपुर यातायात प्रालीले सुबिधासम्पन्न बस सेवाको सुरुवात गरेको अध्यक्ष पोखरेलले बताए।

"प्राली मार्फत हाललाई कालीगण्डकी नामक एसीसहितको तीनवटा बस सञ्चालनमा ल्याएका छौं" अध्यक्ष पोखरेलले भने,- "यस क्षेत्रका यात्रु महानुभावलाई मध्यनजर गर्दै यात्रुको आवश्यकता र माग अनुसार अन्य बस सेवा पनि क्रमिक रूपमा थप गर्दै जानेछौं, हाम्रो सेवा नै यात्रुलाई राम्रोसंग सेवा दिनु हो"।

नयाँ बसमा फ्रि वाईफाई, सिसि क्यामेरा लगायतका विभिन्न अत्याधुनिक सेवा सुबिधा रहेको छ। प्रालीले ल्याएको तीनवटा बस रामपुर काठमाडौंका लागि दिवा सेवाका रूपमा सञ्चालन हुनेछन्। पहिलो दिन कालीगण्डकी करिडोर सडकमार्ग हुँदै नारायणघाट देखि काठमाडौंका लागि नयाँ बस सेवा सुरु गरेको नमस्ते रामपुर यातायात प्रालीका व्यवस्थापक भेषराज पोखरेलले जानकारी दिनुभयो। नयाँ बसमा यात्रा गर्न पाउँदा यात्रुहरू खुशी मुद्रामा देखिन्थे।

# बाणिज्य तथा बैंकिङ्ग मुद्दा मिलाउन उबासंघद्वारा समिति गठन

नवलपरासी (बुटवल टुडे) २१ जेठ - उद्योग बाणिज्य संघ नवलपरासीले बाणिज्य तथा बैकिँग प्रकृतिका मुद्दाहरू मेलमिलापको माध्यमले समाधान गर्न मेलमिलाप समिति गठन गरेको छ। संघका अध्यक्ष ओम प्रकाश अग्रहरीको नेतृत्वमा उक्त समिति गठन गरिएको हो।

उक्त समितिमा अध्यक्ष सहित बरिष्ठ उपाध्यक्ष नगेन्द्र अग्रहरी,बाणिज्य उपाध्यक्ष राजेश कुमार गुप्त र कार्यकारिणी सदस्यबाट दुई जना थपेर समिति गठन गरिएको अध्यक्ष अग्रहरीले जानकारी गराएका थिए। उक्त समितिले आवश्यक परे अन्य विज्ञ तथा जानकार समेत राख्ने सक्ने उनको भनाई थियो। बाणिज्य तथा बैकिँङ्ग क्षेत्रमा लेनदेन समस्या, मालबस्तु अथा अन्य सरोकार राख्ने विषयसँग सम्बन्धि रहने उनको भनाई थियो। बाणिज्य क्षेत्रका कतिपय समस्या समाधान गर्न प्रहरी, नगरपालिका, गाउँपालिका तथा अदालतसम्म पुग्ने गरेकोमा अब उक्त मुद्दा मेलामिलाप गराई मिलापत्र गराई न्यायको अनुभुति गराउन सक्ने अख्तियारी संघलाई आए पछि व्यवसायिले न्यायिक राहत महशुस गर्ने उनले विश्वास ब्यक्त गरेका थिए। यसका लागि अन्य कार्यविधिहरू अनुसार गर्दै लैजाने र समिति गठन भए पनि त्यसको जानकारी एक औपचारिक कार्यक्रमको आयोजना गरि सबै सरोकारवालालाई जानकारी गराईने छ। आवेदनका लागि पनि विधि प्रकृयाबारे सरोकारवालालाई जानकारी दिईने छ।

मेलमिलाप परिषद् (मेडिइसन काउन्सिल) बाणिज्य तथा बंकिँग प्रकृतिका मुद्दा/विवादहरूको मेलमिलाप प्रकृयाबाट समाधान गर्न उद्योग बाणिज्य संघलाई अख्यिारी प्रदान गरेको थियो। काउन्सिलले नेपाल उद्योग बाणिज्य महासंघ मार्फत जिल्ला तथा नगरका उद्योग बाणिज्य संघहरूमा मेलमिलाप केन्द्र स्थापन गरि सो प्रकृतिका मुद्दा/विवादहरूको मेलमिलाप गराउन अख्तियारी दुई महिना पहिला नै आएको थियो। काउन्सिलले महासंघलाई २०८१ साल चैत्र १७ गते नै पत्राचार गरि मेलमिलाप केन्द्र स्थापना गरि काम गर्न अनुरोध गरेको थियो। सोही अनुसार महासंघले जिल्ला र नगर उबासंघलाई अ आफ्ना संघमा मेलमिलाप केन्द्र स्थापना गर्न पत्राचार गरेको संघका बाणिज्य उपाध्यक्ष राजेश कुमार गुप्तले बताएका थिए।

उनका अनुसार काउन्सिलले यस्तो अख्तियार सरोकारवाला निकायलाई नै दिइनु र त्यहीबाट काम गर्नु शुखद पक्ष रहेको छ। यसका लागि संघले छिट्टै निर्णय लिई आवश्यक कार्यविधि झिकाउने वा बनाउने र सम्बन्धित क्षेत्रका विज्ञहरू सहितको प्रतिनिधि रहने गरि केन्द्र खोल्ने र सञ्चालनमा ल्याउने छ। यसले उद्योगी ब्यवसायिलाई ठूलो राहत पुग्ने उनको भनाई थियो। उद्योगी व्यवसायिसँग सम्बन्धित धेरै कुरा आपसी समझदारीमा चल्ने र धेरै जसो मौखिक कारोबारले कागजी प्रमाणापत्र नहुँदा सहजीकरण मार्फत समस्या समाधानमा सहयोगी हुने उनले विश्वास ब्यक्त गरेका थिए।

## लायन्स क्लब क्षितिजद्वारा टिर्सट हस्तान्तरण



बुटवल (बुटवल टुडे) २१ जेठ- लायन्स क्लब अफ बुटवल क्षितिजको आयोजनामा लायन्सद्वारा निर्मित लियो टिर्सट रिलिज एवं हस्तान्तरण कार्यक्रम गरेको छ। बुटवल कालिका नगर स्थित होराइजन स्कुलमा सम्पन्न उक्त कार्यक्रम लायन्स क्लब अफ बुटवल क्षितिजका अध्यक्ष आविष्कार खनाल, लायन्स डिस्ट्रिक्ट ३२५ पी का डिजी इलेक्ट बालाराम भट्टराई, लायन्स डिस्ट्रिक्ट ३२५ पी का एरिया ३ का एरिया चिफ शान्ति पाठक पाण्डे, लायन्स क्लब अफ बुटवल क्षितिजका पूर्व अध्यक्ष एवं लायन वर्ष २०२५ २६ का लागि लायन्स डिस्ट्रिक्ट ३२५ पि का रिजनसिप लोकेन्द्र लिम्बूलगायतले आ आफ्नो भनाई राखेका थिए।


## धितोमा रहेको सम्पति लिलाम बिक्री सम्बन्धी २१ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति २०८२ साल जेठ महिना २२ गते बिहीबार)

यस विकास बैंकको शाखा कार्यालय बुटवलबाट तपशिलमा उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शीर्षक अन्तर्गत लिएको कर्जाको सांवा, ब्याज र अन्य दै-दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले सम्पूर्ण कर्जा चुक्ता गर्न आउनु हुन भनी बैंकबाट विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरिएता पनि कर्जा चुक्ता भुक्तान गर्न तर्फ कुनै पहल नगरी आलटाल गरेकोले बैंकको कर्जा असुलीको लागि तपशिलमा उल्लेखित धितो (सम्पत्ति) जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्र प्रक्रियाद्धारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने भएकोले धितो लिलाम बिक्री सम्बन्धी यो २१ (एक्काइस) दिने सूचना प्रकाशित गरिएको छ । उक्त मिति भित्र नतिरे नबुझाएमा प्रचलित कानुन अनुसार सूचना प्रकाशित भएको मितिले २२ औं दिन यस बैंकलाई लेखिदिएको धितो सुरक्षणमा रहेको तपशिलमा उल्लेखित सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा गोप्य शिलवन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरिने हुँदा इच्छुक महानुभावहरुले देहाय बमोजिमको शर्त तथा बन्देजहरुको अधिनमा रहने गरी यो सूचना प्रकाशित भएको मितिले २१ औं दिनको कार्यालय समय भित्र यस बैंकको शाखा कार्यालयहरुमा गोप्य शिलवन्दी बोलपत्र पेश गर्नुहुन सूचित गरिन्छ ।

**तपशिल**

**क) कर्जा शिर्षक : व्यावसायिक अधिविकर्ष तथा आवधिक कर्जा**

**ऋणीको विवरण**

नाम : **जाफरी आयल सप्लायर्स** | प्रोप्राइटरको नाम : जावेद जाफरी | प्रा.फ.र.नं. : २७३६२/०६८
दर्ता गर्ने कार्यालय : वाणिज्य कार्यालय रुपन्देही | दर्ता मिति : २०६८/०७/२८
फर्मको ठेगाना : रुपन्देही जिल्ला बसन्तपुर गा.वि.स. बडा नं. २ | स्थायी लेखा नं. : ३०५१४४०२७

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) हसिम मियाको नाति महम्मद खलिदा मियाको छोरा रुपन्देही जिल्ला बुटवल बडा नं. ११ हाल, बुटवल उ.म.न.पा. वडा नं. ९ बस्ने **जावेद जाफरी** (ना.प्र.नं. : ३६११४/जारी मिति : २०६३/०१/२५ जारी गर्ने जिल्ला : रुपन्देही)

२) हसिम मियाको बुहारी महम्मद खलिदा मियाको पत्नी स्याङ्जा जिल्ला पुतलिबजार न.पा. वडा नं. ४ हाल, बुटवल उ.म.न.पा. वडा नं. ९ बस्ने **जैतुन मिया** (ना.प्र.नं. : ६८८ जारी मिति : २०४१/०३/०६ जारी गर्ने जिल्ला : स्याङ्जा)

३) महम्मद खलिदा मियाको बुहारी जावेद जाफरीको पत्नी रुपन्देही जिल्ला बुटवल बडा नं. ६ हाल, बुटवल उ.म.न.पा वडा नं. ९ बस्ने **मिनाक्षी भण्डारी** (ना.प्र.नं. : ३७१०६९/५/८६६० जारी मिति : २०६४/११/३० जारी गर्ने जिल्ला : रुपन्देही)

४) हसिम मियाको नाति महम्मद खालिदा मियाको छोरा रुपन्देही जिल्ला बुटवल उ.म.न.पा. बडा नं. ९ बस्ने **नावेद जाफरी मिया** (ना.प्र.नं. : ३७-०२-७३-०४७०८ जारी मिति : २०७३/०७/०३ जारी गर्ने जिल्ला : रुपन्देही)

५) हसिम मियाको नातिनी महम्मद खालिदा मियाको छोरी रुपन्देही जिल्ला बुटवल बडा नं. ११ हाल बुटवल उ.म.न.पा. बडा नं. ९ बस्ने **सविना सुल्ताना** (ना.प्र.नं. : ३७-०२-७०-०४२३४ जारी मिति : २०७०/०५/१८ जारी गर्ने जिल्ला : रुपन्देही)

**ख) कर्जा शिर्षक : व्यावसायिक अधिविकर्ष तथा आवधिक कर्जा र डिमाण्ड लोन**

**ऋणीको विवरण**

नाम : **जाफरी पेट्रोलियम** | प्रोप्राइटरको नाम : जैतुन मियाँ | प्रा.फ.र.नं. : ३५५४३/०७२
दर्ता गर्ने कार्यालय : वाणिज्य कार्यालय रुपन्देही | दर्ता मिति : २०७२/०४/११
फर्मको ठेगाना : रुपन्देही जिल्ला बुटवल उ.म.न.पा. बडा नं. २० | स्थायी लेखा नं. : १०६१२३५३८

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) हसिम मियाको बुहारी महम्मद खलिदा मियाको पत्नी स्याङ्जा जिल्ला पुतलिबजार न.पा. वडा नं. ४ हाल, बुटवल उ.म.न.पा. बडा नं. ९ बस्ने **जैतुन मिया** (ना.प्र.नं. : ६८८ जारी मिति : २०४१/०३/०६ जारी गर्ने जिल्ला : स्याङ्जा)

२) हसिम मियाको नाति महम्मद खलिदा मियाको छोरा रुपन्देही जिल्ला बुटवल बडा नं. ११ हाल, बुटवल उ.म.न.पा. वडा नं. ९ बस्ने **जावेद जाफरी** (ना.प्र.नं. : ३६११४/जारी मिति : २०६३/०१/२५ जारी गर्ने जिल्ला : रुपन्देही)

३) महम्मद खलिदा मियाको बुहारी जावेद जाफरीको पत्नी रुपन्देही जिल्ला बुटवल बडा नं. ६ हाल, बुटवल उ.म.न.पा. बडा नं. ९ बस्ने **मिनाक्षी भण्डारी** (ना.प्र.नं. : ३७१०६९/५/८६६० जारी मिति : २०६४/११/३० जारी गर्ने जिल्ला : रुपन्देही)

४) हसिम मियाको नाति महम्मद खालिदा मियाको छोरा रुपन्देही जिल्ला बुटवल उ.म.न.पा. बडा नं. ९ बस्ने **नावेद जाफरी मिया** (ना.प्र.नं. : ३७-०२-७३-०४७०८ जारी मिति : २०७३/०७/०३ जारी गर्ने जिल्ला : रुपन्देही)

५) हसिम मियाको नातिनी महम्मद खालिदा मियाको छोरी रुपन्देही जिल्ला बुटवल बडा नं. ११ हाल बुटवल उ.म.न.पा. बडा नं. ९ बस्ने **सविना सुल्ताना** (ना.प्र.नं. : ३७-०२-७०-०४२३४ जारी मिति : २०७०/०५/१८ जारी गर्ने जिल्ला : रुपन्देही)

**यसअघि प्रकाशित गरिएको सूचनाको विवरण :**
मिति २०८२/०१/१२ को नागरिक राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको ।

**धितो सुरक्षण सम्बन्धी विवरण :** निम्न उल्लेखित घरजग्गा/जग्गा र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

| धितोधनीको नाम | धितोको ठेगाना | सिट नं. | कित्ता नं. | क्षेत्रफल (व.मि.) |
|---|---|---|---|---|
| जैतुन मिया | रुपन्देही जिल्ला बुटवल न.पा. वडा नं. ११ | ०९८११९८०५ | २०९ | ७९.२४ |
| | | | २३२ | १०७.०५ |
| | रुपन्देही जिल्ला मोतिपुर वडा नं. ८ | ८च | ४८१ | १,६०८.५४ |
| | | | ४८२ | ३३८.६४ |
| | रुपन्देही जिल्ला वसन्तपुर वडा नं. २ | २क | ८२८ | ९३५.४९ |
| | | | ७५० | ११८.५० |
| | | | ८९७ | ४२३.३० |

**शर्त बन्देजहरु :**

१) शिलवन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले २१ दिन अर्थात मिति २०८२/०३/११ गते बुधबार यस बैंकको शाखा कार्यालय बुटवल आईपुग्ने गरि पेश गर्नुपर्ने छ ।
२) बोलपत्र फारममा आफुले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्ने छ ।
३) माथि उल्लेखित सम्पूर्ण धितो सुरक्षणहरु जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणका लागि बेग्ला बेग्लै वा एकमुष्ठ बोलपत्र पेश गर्न सकिनेछ ।
४) प्राप्त बोलपत्रहरु मिति २०८२/०३/१२ गते बिहीवार दिउसो ३:०० बजे यस बैंकको शाखा कार्यालय बुटवलमा उपस्थित प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । बोलपत्र खोल्ने समयमा बोलाईएका सबै प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधि उपस्थित नरहे पनि सो कारणले बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।
५) बोलपत्र खोलिने दिनमा सार्वजनिक बिदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा लिलाम कार्य हुनेछ ।
६) धरौटी रकम तथा अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुने व्यहोरा समेत सूचित गरिन्छ ।
७) बोलपत्र स्वीकृत भएमा धितो सुरक्षण सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखेल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, लाभ कर, कर तथा अन्य शुल्क ईत्यादि बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ ।

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

मुक्तिनाथ विकास बैंक लि.
MUKTINATH BIKAS BANK LTD.
Winner of EUROPEAN MICROFINANCE AWARD 2020
Central Office: Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No. (NTC): 16600149999, Toll Free No. (Ncell): 18102149999, E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np

जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ



नेपाल नेत्र ज्योति संघ
लुम्बिनी नेत्र विज्ञान अध्ययन संस्थान तथा रिसर्च सेन्टर
लायन्स क्लब अफ बुटवल

## बुटवल लायन्स आँखा अस्पताल

लायन्स चौक, बुटवल-२, रूपन्देही, फोन नं. ०७१-५३५८४५, ५३२१३५

## चश्मा फ्रेम तथा सिसा खरिदका लागि शिलबन्दि बोलपत्र आव्हानको सूचना

प्रथम पटक प्रकाशित मिति २०८२।०२।२२

१. बोलपत्र फारम बुटवल टुडे राष्ट्रिय दैनिकमा प्रथम पटक सूचना प्रकाशित भएको मितिले २१औं दिन भित्र रु. ३,०००।०० (फिर्ता नहुने गरि) बुटवल लायन्स आँखा अस्पतालको सानिमा बैंक लि.को ब.हि.नं. ०२२०१००१००००४२९ मा रकम जम्मा गरि सक्कल भौचार निवेदन साथ कम्पनी दर्ता प्रभाणपत्र, कर/आन्तरिक लेखा नम्बर/मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ. व. २०८०।२०८१ सम्मको कर फरफार प्रमाणपत्रको प्रतिलिपिको साथ कालोसुचीमा नपरेको स्वयं घोषणापत्रको प्रमाणित लिखित निवेदन संलग्न राखी कार्यालय समयभित्र दरभाउपत्रदाता वा निजको अधिकृत प्रतिनिधिले यस कार्यालयबाट दरभाउपत्र खरिद गर्न सक्नेछ।
२. बोलपत्र विक्रि गर्ने र दाखिला गर्ने अन्तिम दिन विदा पर्न गएमा सोको भोलिपल्ट कार्यालय खुलेको दिन अन्तिम दिन मानिने छ।
३. बोलपत्र रीतपूर्वक भरी प्रथम पटक प्रकाशित भएको मितिले २२ औं दिन को १२:०० बजे भित्र बुटवल लायन्स आँखा अस्पताल, बुटवलमा दर्ता गराईसक्नु पर्नेछ।
४. दर्ता भएको बोलपत्रहरू २२ औं दिनको २:०० बजे बोलपत्र दाता वा निजको प्रतिनिधिहरूको रोहवरमा बुटवल लायन्स आँखा अस्पताल, बुटवलमा खोलिनेछ तर बोलपत्र दाता वा निजका प्रतिनिधिहरू उपस्थित नभएपनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन्।
५. बोलपत्र दाताले कबोल गरेको दररेट अंक र अक्षरमा केरमेट नगरी स्पस्ट रूपमा उल्लेख गर्नुपर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको दरलाई मान्यता दिईनेछ। कतै केरमेट वा थपघट गर्नुपर्ने भए बुभिने गरि काटी सो काटिएको र थपिएको ठाउँमा दायाँ बायाँ आधिकारिक ब्यक्तिको हस्ताक्षर र फर्मको छाप समेत लगाएको हुनुपर्नेछ।
६. चश्मा फ्रेम तथा सिसा सप्लाई गर्ने फर्म वा कम्पनीले बेलपत्र अनुसार कबोल गरेको रकमको २.५ प्रतिशतले हुन आउने बिडबोण्ड रकम निम्न बैंक खातामा जम्मा गरि सक्कल भौचर बोलपत्र साथ संलग्न राखि पेश गर्नुपर्नेछ। खाता नं. सानीमा बैंक लि.को ब.हि.नं. ०२२०१००१००००४२९ वा ९० दिन म्याद भएको बैंक जमानत पत्र बिडबोण्ड स्वरूप दरभाउपत्र साथ संलग्न राखि पेश गर्नु पर्नेछ।
७. सम्पूर्ण करहरू बोलपत्रदाताले नै ब्यहोर्नु पर्नेछ। कुनै पनि नेपाल सरकारलाई तिर्ने कर वापतको रकम सोधभर्ना यस अस्पतालबाट दिईने छैन्।
८. प्रत्येक दरभाउपत्र दाताले बोलपत्र फारममा उल्लेखित शर्तको पूर्ण रूपले पालना गर्नुपर्नेछ र उपलब्ध गराउन भनिएको प्रमाण एवम् विवरण अनिवार्य रूपले पेश गर्नुपर्नेछ।
९. रित नपुगि वा म्याद नाघि आएको बोलपत्र उपर कुनै कारवाहि हुने छैन्। दरभाउपत्र सम्बन्धी अन्य केहि कुरा बुझ्नुपरेमा कार्यालय समय भित्र बुटवल लायन्स आँखा अस्पताल मा बुझ्न सकिनेछ।
१०. यस अस्पतालको हितलाई ध्यानमा राखी प्राप्त हुन आएका बोलपत्र पूर्ण रूपमा स्वीकार गर्ने, आंशिक रूपमा स्वीकार गर्ने वा पूर्ण रूपमा रद्द गर्ने सम्पूर्ण अधिकार अस्पतालमा निहित रहनेछ।
११. बोलपत्र स्वीकृत भई सकेपछि, स्वीकृत बोलपत्र दाताले सप्लाई गर्न कबोल सामाग्रीको हुन आउने रकमको ५ प्रतिशनले परफरमेन्स बोण्ड बापतको रकम बुटवल लायन्स आँखा अस्पतालको सानीमा बैक लि. को ब.हि.नं. ०२२०१००१००००४२९ मा नगद रकम जम्मा गर्नुपर्नेछ।
१२. बोलपत्रमा उल्लेख भएको चश्मा फ्रेम तथा सिसा यस अस्पतालले दरभाउपत्रमा उल्लेख गरि माग गरे अनुसारको Specification मा हुनु पर्नेछ।
१३. बोलपत्रमा उल्लेख भएको चश्मा फ्रेम तथा सिसा सम्बन्धि सामग्रीहरूको अनुमानित परिमाण आवश्यकता अनुसार घटबढ हुन सक्नेछ र आर्थिक वर्षभरि अस्पताललाई आवश्यक पर्ने उल्लेखीत सरसामानहरू पटक पटक गरि माग गरिनेछ।
१४. चश्मा फ्रेम तथा सिसा सामानहरूको दररेट उल्लेख गर्दा मूल्य अभिवृद्दि कर लाग्ने सामग्रीमा मू.अ.क. सहित (Including VAT) को दररेट पेश गर्नु पर्नेछ।
१५. सप्लाई गर्न छनोट भएका सप्लायरहरू र अस्पताल बीच यसै अस्पतालमा आशयपत्र बुझेको ७ दिन भित्र सम्झौता हुनेछ।
१६. बोलपत्र खरिद गर्दा सम्बन्धित कार्यालयको आधिकारीक दस्तखत र कार्यालयको छाप अनिवार्य हुनुपर्दछ र अन्य सोधपुछको लागि यस अस्पतालको प्रशासन शाखामा सम्पर्क गर्नुहोला।



"समृद्ध जीवनको आधार, कोलिय देवदहमा कारोवार"

कोलिय देवदह बचत तथा ऋण सहकारी संस्था लि.
KOLIYA DEVDAHA Saving & Credit Co-operative Society Ltd.
देवदह, रुपन्देही

## कोलिय देवदह बचत तथा ऋण सहकारी संस्था लिमीटेडको धितोमा रहेको सम्पत्ति गोप्य शिलवन्दी बोलपत्र मार्फत लिलाम बिक्रीको २१ (एक्काईस) दिने सूचना ।

दोस्रो पटक प्रकाशिन मिति :२०८२।०२।२२ गतेको बुटवल टुडे राष्ट्रिय दैनिक

यस सहकारी संस्थाको ढेकावार सेवा केन्द्र कार्यालयहरूबाट तपसिलमा उल्लेखित ऋणीले उपभोग गर्नु भएको ऋण कर्जा सहकारी संस्था संग भए गरेको सम्झौता बमोजिम नबुझाउनु भएको हुदा सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत ऋण चुक्ता भुक्तान नगरी सहकारी संग गरेको शर्त कबुलियत उल्लघंन गर्नु भएकोले सहकारीले राष्ट्रिय दैनिक पत्रिका बुटवल टुडेमा मिति २०८१।११।०७ गते ऋण तिर्न आउने वारे ३५ (पैतिस) दिने सार्वजनीक सुचना प्रकाशित गरी ऋणी/धितो जमानीकर्ता र व्यक्तिगत धनजमानतकर्ता लाई सुचित गर्दा समेत उक्त ऋण कर्जाको साँवा, व्याज, हर्जना तथा अन्य दै -दस्तुर समेत चुक्ता भुक्तान गर्न तर्फ कुनै चासो नदेखाई बेवास्था गरी बसेकाले सो ऋण कर्जाको सुरक्षण वापत धितो बन्धक/दृष्टि बन्धक लेखीदिएको सम्पत्ति (घर जग्गा) जे जस्तो अवस्था र परीमाणमा छ सोही अवस्था र परीमाणमा सहकारीको नियम तथा प्रचलित कानुनको अधिनमा रही गोप्य शिलवन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरी सहकारीको लेना रकम असुल उपर गर्नका लागि मिति २०८२।०१।१३ गते ३५(पैतिस) दिने लिलाम बिक्री सम्बन्धि सार्वजनिक सुचना प्रकाशित गरीएको तर उक्त समय सिमा भित्र कुनै गोप्य शिलवन्दी बोलपत्र नपरेकोले पुन प्रचलित कानुनको अधिनमा रही धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी २१(एक्काईस) दिने सुचना प्रकाशित गरीएको छ। धितोमा रहेको उक्त सम्पति (घर जग्गा) गोप्य शिलवन्दी बोलपत्र मार्फत खरीद गरी लिन इच्छुक व्यक्तिले यो सुचना प्रकाशित भएको मितिले २१ (एक्काईस) दिन भित्र सो दिन सार्वजनिक विदा परेमा विदा पश्चात लगतै कार्यालय खुलेको दिन कार्यालय समय भित्र यसै सुचना तथा बोलपत्र फारममा उल्लेखीत शर्तहरूको अधिनमा रही रीतपुर्वक भरी यस सहकारीको केन्द्रीय कार्यालय खैरेनीमा आईपुग्ने गरी गोप्य शिलवन्दी वोलपत्र पेश गर्न आवाहान गरीन्छ। साथै प्रस्तुत लिलाम प्रकृयाबाट धितोमा रहेको तपशिल बमोजिमको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा वा लिलाम विक्री भई सहकारीले असुल उपर गर्नु पर्ने सम्पुर्ण लेना रकम असुल उपर नभएमा सहकारी ऐन २०७४, नियमावलि २०७५ र सहकारीको ऋण निति २०७५ तथा अन्य प्रचलित ऐन कानुन बमोजिम ऋणी तथा जमानीकर्ताको चल अचल जायजेथा श्रीसम्पत्ति बाट समेत बाँकी लेना रकम असुल उपर गरीने व्यहोरा जानकारी गराउदै धितो सुरक्षण तथा व्यक्तिगत जमानत दिनुहुने व्यक्ति तथा सम्बन्धित सवैलाई कर्जा सुचना केन्द्रको कालोसुचिमा नाम समावेश गर्नको लागि सिफारीस गरी पठाईने व्यहोरा समेत यसै सुचना द्धारा सुचित गरीन्छ। तसर्थ यो सुचना प्रकाशित भएको मितिले २१ (एक्काईस) दिन भित्र यस सहकारीमा सम्पर्क राखि सिघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्न/गराउनुहुन समेत विषेश अनुरोध गरीन्छ।

| | | | |
|---|---|---|---|
| १ | ऋणीको नामः मिना वि.क.<br>श्रीमानको नाम : यम बहादुर वि.क.<br>ससुराको नाम : नन्द राम वि.क.<br>हालको ठेगाना : सुनवल ०८ सिरानटोल<br>ना.प्र.प.नं.:३६-०१-७४-०६८४८<br>जारी मिति :२०७४।०८।२७,नवलपरासी | जमानतको नाम : रोहित वि.क.<br>बाबुको नाम : यम बहादुर वि.क.<br>बाजेको नाम : नन्द राम वि.क.<br>हालको ठेगाना :सुनवल०८ सिरानटोल<br>ऋणी संगको नाताःछोरा<br>जमानतको नाम : पुर्णराज बिश्वकर्मा<br>बाबुको नाम : पृथिराम बिश्वकर्मा<br>बाजेको नाम : नन्द लाल वि.क.<br>हालको ठेगाना : सुनवल ०८ सिरानटोल<br>ना.प्र.प.नं. : ६२९३<br>जारी मिति : २०६०।०४।२६,बाग्लुङ्ग<br>ऋणी संगको नाताःछिमेकी | मिना वि.क. को नाममा परासी मालपोत कार्यालयमा दर्ता कायम रहेको नवलपरासी जिल्ला साविक सुनवल ८।ग कित्ता नं ३०७ को क्षेत्रफल (०-०-१०) र कित्ता नं. ३८३ (०-१-२) जग्गा, सो जग्गामा बनेको घर र सो ले चर्चेको सर्म्पुण लिलर्( लगापात समेत |